बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९ Insurance Board-1992

परिपत्र नं. १३

बी.स. १५८ (२०७७/०७८) च.नं. ३४०३

मिति: २०७७/११/१७

**श्री ईजाजतपत्र प्राप्त सबै निर्जीवन बीमा कम्पनीहरु,**

**विषय: "कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७" संशोधन गरिएको बारे।**

उपर्युक्त सम्बन्धमा यस समितिबाट जारी भएको "कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७" सम्बन्धमा तपसील बमोजिमको संशोधन गरिएको हुँदा, सोही बमोजिको संशोधित **कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७** प्रचलनमा ल्याउनुहुन निर्देशानुसार अनुरोध गरिन्छ। साथै, उल्लेखित निर्देशिका समितिको वेबसाईट www.nib.gov.np मार्फत हेर्न तथा डाउनलोड गर्न सकिनेछ।

**तपसील:**

| **क्र.सं.** | **दफा नं.** | **हालको व्यवस्था** | **थप गर्नुपर्ने व्यवस्था** |
|---|---|---|---|
| १. | दफा २० | (३) प्राविधिकले देहायको काम गरे बापत बीमा शूल्कमा पाँच प्रतिशत कमिसन रकम प्राप्त गर्नेछ। | (३) प्राविधिकले देहायको काम गरे बापत बीमा शूल्कमा पाँच प्रतिशत पारिश्रमिक रकम प्राप्त गर्नेछ:- |
| २. | दफा २० (७) थप गर्नुपर्ने | नभएको | (७) प्राविधिकको रुपमा कार्य गर्ने व्यक्ति तथा संस्थाले कृषि तथा पशुपन्छी बीमा अभिकर्ता भई कार्य गर्न पाउनेछ। |
| ३. | दफा २० (८) थप गर्नुपर्ने | नभएको | (७) उपदफा (८) मा जुनसुकै कुरा उल्लेख गरेको भए तापनि व्यक्तिगत तथा संस्थागत प्राविधिकले कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रूपमा कार्य गर्दा एउटै बीमालेखमा प्राविधिक र अभिकर्ता भई कार्य गर्न पाउने छैन। |
| ४. | दफा २२ (१) थप गर्नुपर्ने | (१) कृषि तथा पशुपन्छी बीमा अभिकर्ता सम्बन्धी अनुसूची ३ बमोजिमको तालिम लिई समितिबाट बीमा अभिकर्ताको ईजाजतपत्र प्राप्त गरेको व्यक्ति वा सँस्थालाई बीमकले कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रुपमा कार्य गराउन सक्नेछ। | (८) कुनै व्यक्तिले कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रूपमा कार्य गर्न चाहेमा प्राविधिकको योग्यता पुरा गरी अनुसूची-३ बमोजिमको तालिम लिई बीमा अभिकर्ताको ईजाजतपत्र प्राप्त गरेको हुनु पर्नेछ। |

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री कृषि विभाग, हरिहरभवन, ललितपुर।
श्री पशु सेवा विभाग, हरिहरभवन, ललितपुर।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupandole, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
Website: www.nib.gov.np, E-mail: info@nib.gov.np